## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या १४ (आ.व. २०८२/८३)

आज मिति २०८३/०२/२८ गते बिहीबार बिहानको ०७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो ।

### तपसिल

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रमुख | श्री शशी कुमार खनिया | |
| २. | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३. | सचिव | श्री नेत्रप्रसाद पौडेल | |
| ४. | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ५. | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ६. | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ | |
| ७. | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ८. | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ९. | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| १०. | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| ११. | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| १२. | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १३. | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १४. | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १५. | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १६. | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १७. | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १८. | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ती | |
| १९. | कार्यपालिका सदस्य | श्री मैया वि.क. | |
| २०. | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २१. | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २२. | कार्यपालिका सदस्य | श्री विष्णु माया सुनार | |
| २३. | कार्यपालिका सदस्य | श्री दुखिराम दराई | |
| २४. | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |

Scanned with CamScanner

खैरहनी नगरपालिका, चितवन

नगर कार्यपालिकाको बैठक

मितिः २०८२/०२/२८ गते, विहान ७.३० बजे

बैठक सङ्ख्याः १४ /२०८२-८३

प्रस्तावहरुः-

१. खैरहनी नगरपालिकाको नगर शिक्षा योजना निर्माण सम्वन्धमा ।

२. खैरहनी नगरपालिकामा विद्यालय सञ्चालन अनुमति तथा कक्षा थप अनुमति दिने सम्वन्धमा ।

३. खैरहनी नगरपालिकाको कार्यविधिहरुमा संशोधन सम्वन्धमा ।

निर्णयहरूः

१. क) खैरहनी नगरपालिकाको समग्र शैक्षिक स्थितिलाई योजनावद्ध रुपमा अगाडि बढाउन शिक्षा योजना आवश्यक रहेको सन्दर्भमा नगरको शिक्षालाई सवल रुपमा अगाडि वढाउन, नगरपालिकाले लिएको शैक्षिक रणनीति, नगर विकास योजना, आगामी शैक्षिक सत्रहरुमा गरिने क्रियाकलापसहितको स्पष्ट मार्गनिर्देशनसमेतलाई समेटी नगर शिक्षा समितिको सिफारिसवमोजिम नगर शिक्षा योजना निर्माण प्रक्रिया अगाडि वढाउने ।

ख) नगर शिक्षा योजनालाई आवश्यक निर्देशनसहित अगाडि वढाउन निम्न सदस्य रहने गरी नगर शिक्षा समितिको सिफारिसमा नगर शिक्षा योजना निर्माण निर्देशक समिति र मस्यौदा लेखन समिति गठन गर्ने ।

अ. नगर शिक्षा योजना निर्माण निर्देशक समितिको विवरण

अध्यक्ष- नगर प्रमुख एवम नगर शिक्षा समिति अध्यक्ष श्री शशी कुमार खनिया

सदस्य- नगर उप प्रमुख श्री कविता उप्रेती

सदस्य- प्रमुख प्रशासकीय अधिकृत श्री नेत्रप्रसाद पौडेल

सदस्य- सचिव- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख/निर्देशक श्री राजु बानियाँ

सदस्य- सामाजिक विकास समिति संयोजक श्री रोहिणी प्रसाद उप्रेती

शशी कुमार खनिया
नगर प्रमुख



Scanned with CamScanner

आ. मस्यौदा लेखन समितिको विवरण

संयोजक- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख/निर्देशक श्री राजु बानियाँ

सदस्य- विषय विज्ञको तर्फबाट पूर्व शिक्षा निर्देशक श्री महेन्द्र प्रसाद पौडेल

सदस्य- नगर शिक्षा समिति सदस्य तर्फबाट श्री खडानन्द सिलवाल

सदस्य- शिक्षा अधिकृत श्री सुमन सिलवाल

सदस्य सचिव- सहायक विद्यालय निरीक्षक श्री पुष्पराज दुवाडी

नोटः समितिले आवश्यकता महसुश गरेमा विषय विज्ञको रुपमा २ जना व्यक्तिलाई समितिको वैठक र लेखन कार्यमा आमन्त्रण गर्न सक्नेछ ।

२. क) मदिना आइडल एकेडेमी खैरहनी नगरपालिका वडा नं. ६, पर्साले खैरहनी नगरपालिकाको शिक्षा ऐन, २०७४ तथा खैरहनी नगरपालिकाको शिक्षा नियमावली, २०७५ (संशोधन सहित) को परिच्छेद-२, नियम ३ वमोजिम आवश्यक कागजात संलग्न गरी शैक्षिक सत्र २०८३ बाट शैक्षिक गुठी मार्फत आधारभूत तहको कक्षा सञ्चालनको अनुमति प्राप्त गर्न निवेदन पेश गरेको र सो सन्दर्भमा नियमावलीको नियम ६ बमोजिमको पूर्वाधार रहेको भनी कक्षा १ को अनुमति प्रदान गर्न शिक्षा शाखाबाट पेश हुन आएको निरीक्षण प्रतिवेदन र फाइल साथ संलग्न कागजातको अध्ययन गर्दा उक्त शिक्षा नियमावलीको नियम १५ को शैक्षिक गुठीसम्वन्धी व्यवस्था अनुरुप नियमानुसार निजी गुठी दर्ता गरी धार्मिक विद्यालय (मदर्शा) सञ्चालन गर्न माग भई आएकोले निजी गुठी स्वीकृत गरी सोही गुठीबमोजिम शैक्षिक सत्र २०८३ बाट कक्षा १ सञ्चालनको लागि नगर शिक्षा समितिको सिफारिसवमोजिम अनुमति दिने ।

ख) ग्लो साइन एकेडेमी खैरहनी नगरपालिका वडा नं. ८ पर्साले शैक्षिक सत्र २०८३ देखि लागु हुने गरी कक्षा ११ र १२ मा विज्ञान, शिक्षा र कानून विषय थप गरेर कक्षा सञ्चालन गर्ने अनुमति पाउँ भनी आवश्यक कागजात संलग्न गरी निवेदन पेश गरेको सन्दर्भमा नगरपालिकाबाट गरिएको विद्यालयको अनुगमनबाट कक्षा सञ्चालनको पूर्वाधार रहेकोले अनुमति प्रदान गर्न मिल्ने भनी शिक्षा शाखाबाट पेश हुन आएको प्रतिवेदन समेतको अध्ययन गर्दा खैरहनी नगरपालिकाको शिक्षा ऐन, २०७४ तथा खैरहनी नगरपालिकाको शिक्षा नियमावली, २०७५ (संशोधन सहित) को परिच्छेद २, नियम १९ को उपनियम २ वमोजिम शैक्षिक सत्र २०८३ देखि कक्षा ११ मा विज्ञान, शिक्षा



शशी कुमार क्षत्रिय
नगर प्रमुख

Scanned with CamScanner

र कानून विषय थप गरी कक्षा सञ्चालनको लागि नगर शिक्षा समितिको सिफारसबमोजिम अनुमति प्रदान गर्ने ।

3. क) खैरहनी नगरपालिकाको उपप्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा संलग्न तीनमहले फारामबमोजिम संशोधन गर्ने ।

ख) खैरहनी नगरपालिकाको मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७८ मा संलग्न तीनमहले फारामबमोजिम संशोधन गर्ने ।

शशी कुमारी खनिया
नगर प्रमुख

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश
२०७३



Scanned with CamScanner

संलग्न फाराम -१

उपप्रमुखसंग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम सञ्चालन कार्यविधि २०८० (तेस्रो संसोधन २०८२)

| दफा | हालको व्यवस्था | संसोधित व्यवस्था | कारण |
|---|---|---|---|
| दफा ४ | ४ (१) यो कार्यक्रमको लागि देहाय बमोजिमको स्वास्थ्य परिक्षण सेवा निर्धारण गरिएको छ :- | दफा ४ (१) को स्थानमा देहाय बमोजिमको दफा ४ (१) राख्ने: "यो कार्यक्रम अन्तरगत प्रदान गरिने निशुल्क स्वास्थ्य परिक्षण सेवाहरु अनुसूची ५ बमोजिम हुनेछ। | आमा सुरक्षा कार्यक्रमको निर्देशिका परिमार्जित भएको तथा मातृ तथा गर्भावस्थाको शिशुको स्वास्थ्यको लागि अनिवार्य रुपमा गरिने परिक्षणहरु वृद्दि गर्नुपर्ने। |
| | दफा ४ (३) नभएको | दफा ४ (२) पछि देहाय बमोजिमको दफा ४(३) थप गर्ने "गर्भावस्थामा कुनै पनि जटिलता भई वा सम्भावित जटिलताको निदानको लागि स्वास्थ्यकर्मी वा चिकित्सकको राय बमोजिम अनुसची ५ मा तोकिए बाहेकको परिक्षण गर्नुपर्ने भएमा र सो सेवा सम्बन्धीत स्वास्थ्य संस्थामा उपलब्ध भएको अवस्था यसै कार्यविधि बमोजिम हुने गरि निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ। | |
| | दफा ४ (४) नभएको | उपदफा १ र २ बमोजिमको सेवाहरु सामन्यतया प्रचलित चिकित्सा पद्दति , ऐन र निर्देशिका बमोजिम गर्भावस्थाको तोकिएको समयावधीमा उपलब्ध गराउनुपर्नेछ। | |
| दफा ५ उप दफा २ | अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गर्भावस्थामा स्वास्थ्यकर्मीको राय, सिफारिस तथा आवश्यकताका आधारमा नेपाल सरकारले जारि गरेको आमा सुरक्षा कार्यक्रमले तोकेका सेवा थप पटक उपलब्ध गराउन बाधा पर्ने छैन। | अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गर्भावस्थामा स्वास्थ्यकर्मी वा चिकित्सकको राय, तथा सिफारिसको आधारमा यस कार्यविधी बमोजिमको सेवाहरु आवश्यकता बमोजिम थप पटक उपलब्ध गराउन बाधा पर्ने छैन। | |

शशी कुमार खतिर
नगर प्रमुख

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| दफा ६ | यो कार्यक्रम लागु भएका स्वास्थ्य संस्थाहरुबाट तपसिल बमोजिमका सेवा सुबिधा लिने सक्ने छन् ।<br>• नगर अस्पतालबाट :- भिडियो एक्सरे साथै ANC Package<br>• स्वास्थ्य चौकीहरुबाट :- ANC Package<br>• खैरहनी नगर अस्पताल सम्म सुत्केरी हुन आउन र सुत्केरी भई फर्किन वा थप सेवाका लागि CEONC सेवा दिने स्वास्थ्य संस्थामा प्रेषण भै जानु पर्ने भएमा निशुल्क एम्बुलेन्स सेवा | दफा ६ को स्थानमा देहाय बमोजिमको दफा ६ र सो पश्चात दफा ६ (१) राख्नेः<br>६. यस कार्यविधी बमोजिम सुविधा नगरपालिका अन्तरगत सञ्चालित प्रयोगशाला सेवा भएको स्वास्थ्य संस्थाहरुबाट प्रदान हुनेछ ।<br>१) दफा ६ बमोजिम संस्थाबाट अनुसुची ५ मा रहेको सेवाहरु प्रदान गर्ने स्वास्थ्य संस्थाहरु देहाय बमोजिम हुनेछ :<br>क. क्र.स १ देखि ५ सम्म : स्वास्थ्य चौकीहरुबाट<br>ख. अनुसची ५ का सबै सेवाहरुः खैरहनी नगर अस्पताल<br>ग. क्र.स ९ बमोजिमको एम्बुलेन्स सेवा खैरहनी नगर अस्पताल सम्म सुत्केरी हुन आउन र सुत्केरी भई फर्किन वा थप सेवाका लागि CEONC सेवा दिने स्वास्थ्य संस्थामा प्रेषण भै जानु पर्ने भएमा मात्र प्रदान गरिनेछ । | संसोधित व्यवस्थाहरु बमोजिम अन्य दफा समेत मिलुने पर्ने भएकोले |

शशी कुमार खादिर
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
खैरहनी नगरपालिका
खैरहनी, चितवन
बागमती प्रदेश
२०७३

Scanned with CamScanner

अनुसुची

कार्यक्रम अन्तरगत प्रदान हुने निशुल्क स्वास्थ्य सेवाहरु

| क्र.स | परिक्षणहरु |
|---|---|
| १ | ANC PACKAGE :- BLOOD GROUPING , TC, DC, ESR, HB %, PLATELETS, RBS, HBsAg, VDRL, URINE R/E, URINE KETONE BODY, |
| २ | Urine Pregnancy Test (UPT) |
| ३ | Liver Function Test (LFT), SGOT, SGPT |
| ४ | Glucose Consumption Test (GCT) |
| ५ | Renal Function Test ( RFT), Urea , Creatinine |
| ६ | Thyriod Function Test (T3, T4, TSH , Anti TPO) |
| ७ | Cardiotocography (CTG) |
| ८ | Ultrasonography (USG) / Rural Ultrasonography (RoUSG) |
| ९ | एम्बुलेन्स सेवा |

शशी कुमार खतिर
नगर प्रमुख

Scanned with CamScanner

## संलग्न फाराम — २

## खैरहनी नगरपालिकाको मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७८ मा संशोधन

| साविकको व्यवस्था | संशोधन हुनुपर्ने | पुष्ट्याइ |
|---|---|---|
| अनुसूची ९ मा थप | अनुसूची ९ को स्पष्टीकरण महलमा देहायबमोजिम थप गर्ने ।<br>देहाय<br>विवाद किनारा नभएको हकमासमेत विवादका सबै पक्षहरू सहभागी भई कम्तीमा तीनवटा छलफल भएको खण्डमा विवाद समाधानका लागि संलग्न मेलमिलापकर्ता र पदाधिकारीहरूले रूपैयाँ पाँच सयका दरले भत्ता पाउनेछन् । तर, एकवटा दर्ता भएको विवादको लागि एकपटकमात्र भत्ता दिन सकिनेछ । | मेलमिलापकर्ताको समय, तथा श्रमको सोधभर्ना गर्नुपर्ने भएकाले । |



शशी कुमार खनाल
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश २०७३

Scanned with CamScanner